apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २५६ ● पृष्ठः ४ ● १५ असोज २०८३ विहीबार (01 October 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## खाता सञ्चालन नहुँदा सिरहाका १० पालिकाको आर्थिक कारोबार प्रभावित

### चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी बित्दा पनि बजेट कार्यान्वयन अन्योलमा

**शुभ नारायण कामती**
**सिरहा, असोज १४ गते**

चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सिरहाका १७ स्थानीय तहमध्ये १० वटा पालिकाको बैंक खाता सञ्चालनमा आउन सकेको छैन । आवश्यक कानुनी प्रक्रिया पूरा हुन नसक्दा ती पालिकाको आर्थिक कारोबार प्रभावित भएको छ ।




कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका अनुसार जिल्लाका १७ मध्ये सातवटा पालिकाको मात्र बैंक खाता सञ्चालनमा आएको छ । बाँकी १० पालिकाले हालसम्म खाता सञ्चालन गर्न सकेका छैनन् ।

खाता सञ्चालनमा आउन नसकेका स्थानीय तहमा सिरहा, लहान, धनगढीमाई र मिर्चैया नगरपालिका तथा विष्णुपुर, नरहा, अर्नमा, औरही, नवराजपुर र भगवानपुर गाउँपालिका रहेका छन् ।

स्थानीय तहको खाता सञ्चालनका लागि चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट सम्बन्धित नगर वा गाउँसभाबाट पारित गरी आवश्यक कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, पालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक अधिकार प्रत्यायोजन गरेपछि मात्र बैंक खाता सञ्चालन गर्न सकिने व्यवस्था रहेको कार्यालयले जनाएको छ ।

संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानलगायतका सार्वजनिक स्रोत खर्च गर्दा समेत प्रचलित कानुन र आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । यही प्रक्रियामा ढिलाइ हुँदा कतिपय पालिकाको खाता सञ्चालन हुन नसकेको बताइएको छ ।

**तलबदेखि विकास निर्माणसम्म असर**

बैंक खाता सञ्चालनमा नआउँदा सम्बन्धित पालिकाको नियमित आर्थिक कारोबार प्रभावित भएको छ । कर्मचारीको तलब तथा भत्ता भुक्तानी, विकास निर्माणका योजना कार्यान्वयन, विभिन्न सेवा तथा कार्यक्रम सञ्चालनलगायतका आर्थिक गतिविधिमा समेत असर परेको बताइएको छ ।

आर्थिक वर्ष सुरु भएको लामो समयसम्म खाता सञ्चालन हुन नसक्दा स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा समेत ढिलाइ हुने देखिएको छ । यसले स्थानीय तहबाट सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाह प्रभावित हुन सक्ने चिन्ता बढाएको छ ।

**सात पालिकाको खाता सञ्चालन**

कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म सखुवानन्कारकट्टी, बरियारपट्टी र लक्ष्मीपुर पतारी गाउँपालिका तथा कर्जन्हा, कल्याणपुर, सुखीपुर र गोलबजार नगरपालिकाको बैंक खाता सञ्चालनमा आइसकेको छ ।

बाँकी स्थानीय तहले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र बैंक खाता सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ । आर्थिक वर्षको सुरुआती चरणमै खाता सञ्चालन हुन नसक्दा बजेट कार्यान्वयनमा पर्ने असर न्यूनीकरण गर्न सम्बन्धित पालिकाले कानुनी तथा प्रशासनिक प्रक्रिया तत्काल पूरा गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा लैजान फेरि पहल, संरक्षणमा चुनौती



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १४ गते**

जानकी मन्दिरलाई युनेस्कोको विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने तयारी अघि बढेसँगै जनकपुरधाममा ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउने विषयमा बहस थालिएको छ ।

जानकी मन्दिरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा वास्तुकलाको महत्त्वलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्न विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउन लागिएको हो । त्यसका लागि जनकपुरधाम उपमहानगरपालिकाले प्रारम्भिक प्रतिवेदन तयार गरी विज्ञ, समाजका अगुवा तथा सरोकारवालासँग सुझाव संकलन गरिरहेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहका अनुसार प्रारम्भिक प्रतिवेदनमाथि आवश्यक सुझाव लिएर अन्तिम रूप दिने तयारी भइरहेको छ ।

अन्तिम प्रतिवेदन तयार भएपछि विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियाका लागि युनेस्कोमा पेस गर्ने योजना रहेको उनले बताए । यसका लागि नगरप्रमुखको संयोजकत्वमा समिति गठन गरिएको छ ।

समितिले जानकी मन्दिरको ऐतिहासिक पृष्ठभूमि, धार्मिक तथा

बाँकी पृष्ठ २ ▸▸

## कांग्रेस पर्साका जिल्ला सदस्यसहित २७ जनाले दिए सामूहिक राजीनामा



**अपन दैनिक संवाददाता**
**वीरगन्ज, असोज १४ गते**

नेपाली कांग्रेस पर्साका जिल्ला सदस्यसहित २७ जना नेताकार्यकर्ताले सामूहि रुपमा कांग्रेस परित्याग गरेका छन् ।

कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत पर्सा क्षेत्र नम्बर २ मा क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयन प्रकृयाप्रति असन्तुष्टी जनाउँदै जिल्ला सदस्य हिरालाल कानुसहित २७ जनाले कांग्रेसको साधरण सदस्यसमेत नरहने गरि पार्टी परित्याग गरेका हुन् । कानु २०४६ सालदेखि कांग्रेसमा आबद्ध थिए । दुई पटक कांग्रेसको बुथ सभापतिसमेत रहिसकेका कानु २०५४ को स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट वडा सदस्यसमेत निर्वाचित भएका थिए ।

बुधबार कांग्रेस पर्साका सभापतिलाई सम्बोधन गरि लेखिएको राजिनामा

बाँकी पृष्ठ २ ▸▸

## ठुला चाडपर्व सकिएपछि आन्दोलन हुन सक्ने सुरक्षा ब्रिफिङ

**काठमाडौं, असोज १४ गते ।** शिक्षामन्त्री सस्मित पोखरेल मञ्चमा बोल्दै गर्दा सिरहाको औरही गाउँपालिकामा होहल्ला गरियो । गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा भएको कार्यक्रम स्थलमा विरोध भएपछि भदौ २७ मा मञ्चमा भाषण गर्दै गरेका मन्त्री पोखरेल कार्यक्रम छाडेर निस्किए ।

हलमा उनको विरोधमा हल्लाखल्ला भएको थियो । सो घटनाबारे पोखरेलले सार्वजनिक रूपमा भनेका छन्, 'दुईजना व्यक्तिले हल्ला गरेपछि शिक्षक र अभिभावकको सहभागिता प्रभावित हुने अवस्था बनेपछि म कार्यक्रमबाट बाहिरिएँ ।'

सुरक्षा निकायले सो घटनालाई सामान्य होहल्लाको रूपमा मात्रै लिएको छैन । सरकारको नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मन्त्रीविरुद्ध भएको सो



घटनापछि सुरक्षा निकायले समाजमा असन्तुष्टिको स्वर बढ्दै गएको 'सङ्केत' को रूपमा विश्लेषण गरेको छ । २०८२ भदौ २३ र २४ मा भएको 'जेनजी' आन्दोलनपछि बनेको नयाँ राजनीतिक समीकरणपछि असन्तुष्टि बढ्दै गएको भन्दै सुरक्षा निकायहरूले 'आन्दोलन हुन सक्ने' विश्लेषण गरेका छन् ।

दसैं, तिहार र छठ पर्व सकिएपछि काठमाडौं केन्द्रित आन्दोलन हुन सक्ने सुरक्षा विश्लेषण गरिएको छ । प्रहरी र सशस्त्रले आन्दोलनको सम्भावनाबारे गृह मन्त्रालयमा 'ब्रिफिङ' गरेका छन् ।

आईजीपी दानबहादुर कार्की र सशस्त्र प्रहरीका आईजी नारायणदत्त पौडेलले गृहमन्त्री सुधन गुरुङलाई

बाँकी पृष्ठ ३ ▸▸

## मधेश प्रदेशमा लेखा समूहका २६ कर्मचारी सरुवा




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १४ गते**

मधेश प्रदेशको अर्थ तथा योजना मन्त्रालयले प्रशासन सेवा, लेखा समूहका २६ कर्मचारीको सरुवा, कामकाज तथा दरबन्दी मिलान गरेको छ । अर्थ मन्त्रालयले असोज १३ गतेको निर्णयअनुसार एउटै निकायमा लामो समयदेखि कार्यरत कर्मचारीलाई हेरफेर गरिएको जनाएको छ । निर्णयको सूचीमा छैटौं र सातौं तहका १२ जना अधिकृतस्तरका कर्मचारी छन् ।

बाँकी पृष्ठ ४ ▸▸




## आलोचना बढेपछि विलासी सवारी खरिद प्रक्रियाबाट पछि हट्यो मधेश प्रदेश सरकार




**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १४ गते**

मधेश प्रदेश सरकारले 'अति विशिष्ट व्यक्ति' (भीभीआईपी) का लागि साढे ३ करोड रुपैयाँ बराबरको विलासी चारपाङ्गे सवारीसाधन खरिद गर्न आह्वान गरेको बोलपत्र स्थगित गरेको छ ।

खरिद निर्णयको चौतर्फी आलोचना भएपछि प्रदेश सरकार उक्त प्रक्रियाबाट पछि हटेको हो ।

प्रदेशका श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले मुलुकको विषम परिस्थितिमा गाडी खरिद गर्न लागेको भन्दै चर्को आलोचना भएपछि आफूले यो प्रक्रिया रोकिदिएको बताइन् । उनले भनिन्, 'मुख्यमन्त्री कार्यालयको

बाँकी पृष्ठ ४ ▸▸

## तीन लाख धरौटी बुझाएर रिहा भए अशोक यादव



**अपन दैनिक संवाददाता**
**सर्लाही, असोज १४ गते**

नेकपा नेता अशोक कुमार यादव तीन लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् ।

सर्लाही जिल्ला अदालतका न्यायाधीश मनोजकुमार श्रीवास्तवको इजलासले बुधबार यादवलाई तीन लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।

बाँकी पृष्ठ ३ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### तस्करी-आर्थिक लेनदेन र प्रहरी

सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण गर्नु प्रहरीको नियमित र संवेदनशील जिम्मेवारी हो । तर, तस्करी नियन्त्रण गर्ने जिम्मेवारी पाएको प्रहरीमाथि नै तस्करीमा संलग्न व्यक्तिबाट रकम लिएर संरक्षण गरेको आरोप सार्वजनिक हुनु गम्भीर विषय हो। सिरहाको सुखीपुरमा रहेको इलाका प्रहरी कार्यालयका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक अमिरी यादवमाथि आरोप लागेको छ। यसले प्रहरीको कार्यसम्पादन, जवाफदेहिता र सीमावर्ती क्षेत्रमा भइरहेको आर्थिक लेनदेनबारे गम्भीर प्रश्न उठाएको छ। वरिष्ठ सई यादवले तस्करीमा संलग्न व्यक्तिहरूबाट मासिक रकम लिने गरेको र रकम बुझाउनेलाई सीमावर्ती क्षेत्रमा सामान ओसारपसार गर्न सहजता उपलब्ध गराउने गरेको आरोप छ। रकम संकलनको प्रक्रियासमेत सार्वजनिक गरिएको छ। अर्कोतर्फ, विभिन्न मुद्दामा पक्राउ परेका सवारीसाधनका पार्टपुर्जा अनधिकृत रूपमा खोलाएर बिक्रीवितरण गर्ने गरेको आरोप पनि छ। आरोप सार्वजनिक भएपछि उनलाई जिल्ला प्रहरी कार्यालय सिरहामा अनुसन्धान तथा सोधपुछका लागि तानिएको जिल्ला प्रहरी प्रमुखले पुष्टि गरेका छन्। आरोप लाग्दैमा कसैलाई दोषी ठहर गर्नु न्यायोचित हुँदैन्। तर, आरोप गम्भीर भएकाले निष्पक्ष र विश्वसनीय अनुसन्धानबाट वास्तविकता बाहिर ल्याउनु प्रहरी नेतृत्वको दायित्व हो।

सुखीपुरको घटना एउटा प्रहरी अधिकृतको व्यक्तिगत आचरणको विषयमा मात्र सीमित गरेर हेर्न मिल्दैन्। यसले सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणको समग्र प्रणालीमाथि प्रश्न उठाएको छ। यदि तस्करी गर्ने व्यक्तिले नियमित रकम बुझाएर प्रहरीको निगरानीबाट उम्किन सक्छ भने त्यहाँ समस्या एउटा व्यक्तिमा मात्र छैन, प्रणालीमै छ । प्रहरीको उपस्थितिमा अवैध कारोबार चलिरहने अवस्था बनेको छ भने त्यसको कारण खोज्नुपर्ने हुन्छ। तस्करी नियन्त्रणमा प्रहरी किन अपेक्षित रूपमा सफल हुन सकेको छैन भन्ने प्रश्नको एउटा सम्भावित कारण आर्थिक स्वार्थ हुन सक्छ। तस्करीबाट हुने अवैध आम्दानीको केही हिस्सा सुरक्षा संयन्त्रमा पुग्ने गरेको हो भने त्यो राज्यको कानुन र संस्थागत अनुशासनमाथिको गम्भीर प्रहार हो। अझ यस्तो रकम माथिल्लो तहसम्म पुग्ने गरेको दाबीसमेत अनुसन्धानको विषय बन्न सक्छ। तर, यस्ता दाबीलाई प्रमाणित तथ्यका रूपमा होइन, निष्पक्ष छानबिनको दायरामा राखेर हेरिनुपर्छ। तस्करीले राज्यको राजस्वमा क्षति पुर्‍याउँछ। वैध व्यवसाय गर्ने व्यवसायीलाई असमान प्रतिस्पर्धामा धकेल्छ र सीमावर्ती क्षेत्रमा अवैध अर्थतन्त्र विस्तार गर्छ। त्यसैले तस्करी नियन्त्रणको जिम्मेवारी पाएको निकाय नै आर्थिक लेनदेनको आरोपमा मुछिनु सामान्य विषय होइन्। यसले नागरिकको प्रहरीप्रतिको विश्वास कमजोर पार्न सक्छ। कुरा आरोप-प्रत्यारोपमा सीमित हुनु होइन, तथ्यमा पुग्नु हो । जिल्ला प्रहरी कार्यालयले घटनाको निष्पक्ष अनुसन्धान गर्नुपर्छ। अनुसन्धान गर्ने निकाय आफैंमाथि प्रश्न उठ्ने अवस्था नआओस् भन्नका लागि आवश्यक परे उच्च तहबाट समेत निगरानी र छानबिन हुनुपर्छ। आरोप प्रमाणित भए कानुनअनुसार कारबाही हुनुपर्छ र प्रमाणित नभए आरोपको वास्तविकता पनि स्पष्ट रूपमा सार्वजनिक गरिनुपर्छ।

त्यससँगै, सीमावर्ती क्षेत्रमा कार्यरत प्रहरीको कार्यसम्पादन, घुमुवा परिचालन, बरामद तथा नियन्त्रणमा लिइएका सामानको व्यवस्थापन, पक्राउ परेका सवारीसाधनको संरक्षण र मुद्दासँग सम्बन्धित सम्पत्तिको अभिलेख प्रणालीलाई पारदर्शी बनाउन आवश्यक छ । बरामद सामान वा सवारीसाधनका पार्टपुर्जा कसरी सुरक्षित राखिन्छन्, कसको आदेशमा खोलिन्छन् र त्यसको अन्तिम व्यवस्थापन कसरी हुन्छ भन्ने विषयमा स्पष्ट निगरानी हुनुपर्छ । तस्करी नियन्त्रणका नाममा हुने सम्भावित आर्थिक लेनदेन रोक्न प्रहरी संगठनले 'आन्तरिक शुद्धीकरण'लाई प्राथमिकता दिनुपर्छ । एउटालाई सरुवा गरेर मात्र समस्या समाधान हुँदैन् । आर्थिक लेनदेनको आरोप दोहोरिरहने संरचनागत कमजोरी पहिचान गर्नुपर्छ । नियमित अनुगमन, आकस्मिक निरीक्षण, गोप्य निगरानी, सम्पत्तिको अभिलेख र गुनासोमाथि तत्काल छानबिनजस्ता उपाय प्रभावकारी बनाउनुपर्छ । सीमामा तस्करभन्दा प्रहरी बलियो हुनुपर्छ, तर प्रहरीको बल कानुनबाट आउनुपर्छ। आर्थिक लेनदेनबाट होइन । तस्करी रोक्ने जिम्मेवारी पाएको प्रहरी नै तस्करीका लागि 'सहजकर्ता' बन्ने अवस्था आयो भने कानुनको शासन कमजोर हुन्छ। सुखीपुरको घटनाले महत्वपूर्ण प्रश्न उठाएको छ। तस्करी रोक्न नसक्नुको कारण प्रहरीको कमजोरी हो कि त्यसबाट हुने आर्थिक लाभले सिर्जना गरेको मौन संरक्षण ? यसको जवाफ अनुमानले होइन, निष्पक्ष अनुसन्धानले दिनुपर्छ। सुशासन कायम गर्ने हो भने तस्करी मात्र रोक्ने होइन, तस्करीसँग जोडिन सक्ने आर्थिक लेनदेनको बाटोमा पनि कडा ब्रेक लगाउनुपर्छ। प्रहरी संगठनभित्रको जवाफदेहिता बलियो नभएसम्म सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणको अभियान प्रभावकारी हुन सक्दैन् । यसैले सरकारले पनि यस्ता विषयमा निगरानी बढाउनु पर्छ।

# दशैंमा ६५ हजार सवारी साधन आवश्यक, करिब १० लाखले काठमाडौं छाड्ने



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १४ गते**

आगामी दशैंलाई लक्षित गरी काठमाडौं उपत्यकाबाट बाहिरिने यात्रुको चाप व्यवस्थापन गर्न ४३ हजार ५७४ देखि ६५ हजार ३६१ सार्वजनिक सवारी साधन आवश्यक पर्ने अध्ययनले देखाएको छ।

पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलको अध्यक्षतामा गरिएको अध्ययन प्रतिवेदन बुधबार पूर्वाधार विकासमन्त्री सुनिल लम्सालललाई बुझाइएको हो।

अध्ययनले यस वर्षको दशैंमा ६ लाख ५० हजारदेखि ९ लाख ७५ हजारसम्म यात्रुले उपत्यका छाड्ने प्रक्षेपण गरेको छ। घटस्थापनादेखि नवमीसम्म उपत्यकाबाट बाहिरिने यात्रुको चाप उच्च हुने र फूलपाती तथा त्यसको आसपासका दिनमा सडक तथा सार्वजनिक यातायातमा अत्यधिक दबाब पर्ने अध्ययनमा उल्लेख छ।

गत वर्ष ट्राफिक प्रहरीको तथ्यांकअनुसार दशैंका बेला करिब ६ लाख ११ हजार यात्रुले उपत्यका छाडेका थिए। यातायात व्यवसायी महासंघको तथ्यांकमा भने यो संख्या करिब १९ लाख रहेको उल्लेख छ।

अध्ययनअनुसार गत वर्ष दशैंको समयमा उपत्यकाबाट दैनिक औसत ८ हजार १०१ सवारी बाहिरिएका थिए। सप्तमीका दिन भने अधिकतम १९ हजार ६७१ सवारी बाहिरिएका थिए । यस आधारमा समग्रमा सार्वजनिक यातायातका साधन पर्याप्त देखिए पनि क्षेत्रगत रूपमा माग र आपूर्तिबीच असन्तुलन हुँदा यात्रुले समस्या भोग्नुपर्ने अवस्था रहेको अध्ययनको निष्कर्ष छ।

सडकको अवस्था, सवारीको तालिका, जामलगायतका कारण निर्धारित समयमा गन्तव्यमा पुग्न नसक्ने समस्या पनि दशैंका बेला देखिने गरेको छ।

दशैंमा यातायात व्यवस्थापनका क्रममा बसपार्क तथा सडक किनारका स्टपमा यात्रुको भीड, सडक जाम, दुर्घटना, चोरी, टिकट तथा भाडामा कालोबजारी, क्षमताभन्दा बढी यात्रु बोक्ने र चालकले पर्याप्त आराम नगरी लामो समयसम्म सवारी चलाउनेजस्ता समस्या देखिने अध्ययनले औंल्याएको छ।

यस वर्ष उपत्यका ट्राफिक प्रहरीले १ हजार ३०० भन्दा बढी जनशक्ति परिचालन गर्ने तयारी गरेको छ । त्यस्तै १० स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गर्ने, लामो दूरीको ट्राफिक व्यवस्थापन तथा सवारी र चालकको जाँच गर्ने योजना बनाइएको छ।

सडक विभागले सम्भावित दुर्घटना तथा विपद्का घटनालाई ध्यानमा राखेर १८ स्थानमा ठूला उपकरण र आपत्कालीन उद्धारका लागि जनशक्ति तयारी अवस्थामा राख्ने भएको छ । काठमाडौं महानगरपालिकाले बसपार्क तथा सडक व्यवस्थापनका लागि नगर प्रहरी परिचालन गर्ने तयारी गरेको छ।

यातायात व्यवसायी महासंघले यस वर्ष १५ देखि १७ लाख यात्रुले उपत्यका छाड्न सक्ने अनुमान गर्दै आवश्यक सवारी व्यवस्थापन, अनुगमन र निगरानीका लागि तयारी अघि बढाएको जनाएको छ।

अध्ययन समितिले यात्रालाई थप सहज, सुरक्षित र व्यवस्थित बनाउन टिकट काउन्टर तथा अग्रिम टिकट बुकिङलाई व्यवस्थित गर्नुपर्ने, सवारीको फिटनेस परीक्षण, क्षमताभन्दा बढी यात्रु तथा भार नियन्त्रण र टिकटमा हुने कालोबजारी रोक्नुपर्ने सुझाव दिएको छ।

त्यस्तै लामो दूरीका सवारीका चालकले आवश्यक आराम गरेको सुनिश्चित गर्नुपर्ने तथा प्रत्येक सवारीमा प्राथमिक उपचार सामग्री र अग्नि नियन्त्रक राख्नुपर्ने सुझाव दिइएको छ।

सडक विभागले सडकको अवस्थाबारे निरन्तर सूचना प्रवाह गर्ने र दुर्घटना तथा विपद्का क्षेत्रमा आवश्यक ठूला उपकरण तथा जनशक्ति तत्काल परिचालन गर्ने व्यवस्था गर्नुपर्ने अध्ययनले सुझाएको छ । यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र यातायात व्यवसायी महासंघबीच प्रभावकारी समन्वय र अनुगमन आवश्यक रहेको पनि प्रतिवेदनमा उल्लेख छ।

अध्ययन समितिले दीर्घकालीन रूपमा यातायात क्षेत्रको तथ्यांक संकलन र प्रविधिको प्रयोगमा जोड दिनुपर्ने बताएको छ । सवारीको अवस्थाबारे जानकारी लिन स्मार्ट

बाँकी पृष्ठ ३ ▸▸

### जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा ...........

सांस्कृतिक महत्त्व, वास्तुकला र यससँग जोडिएका सम्पदाको अवस्थालगायत विषयलाई समेटेर प्रतिवेदन तयार गर्ने काम अघि बढाएको छ । तर, विश्वसम्पदा सूचीमा सूचीकृत गराउने पहलसँगै मन्दिर र आसपासका सम्पदाको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने चुनौतीसमेत देखिएको छ।

सरकारले गत १३ भदौको मन्त्रिपरिषद्बाट जानकी मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिसकेको अवस्थामा अब उक्त निर्णयलाई व्यवहारमै कार्यान्वयनमा ल्याउनुपर्ने सरोकारवालाको जोड छ।

पुरातत्व क्षेत्रमा काम गरिसकेका रामबाबु दहालका अनुसार संरक्षित स्मारक क्षेत्रको चार किल्लाभित्र रहेका मठमन्दिर, पोखरी, सरोवर तथा अन्य ऐतिहासिक र पुरातात्विक महत्त्वका स्थलको विस्तृत सर्वेक्षण आवश्यक छ। 'संरक्षित क्षेत्र घोषणा गर्नु मात्र पर्याप्त हुँदैन,' दहालले भने, 'चार किल्लाभित्र रहेका ऐतिहासिक तथा धार्मिक सम्पदाको सर्वेक्षण गरी तिनको अवस्था, महत्त्व र संरक्षण आवश्यकताबारे अभिलेख तयार गर्नुपर्छ।'

उनका अनुसार सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण र व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन नसकिए विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया पनि जटिल बन्न सक्छ । त्यसैले संरक्षित क्षेत्रको कार्यान्वयन र विश्वसम्पदा सूचीको तयारीलाई समानान्तर रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ।

सरोकारवालाले जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन यसको ऐतिहासिकता र धार्मिक महत्त्व मात्रै प्रस्तुत गरेर नपुग्ने बताएका छन् । मन्दिरको निर्माण शैली, वास्तुकला, ऐतिहासिक प्रमाण, मिथिला सभ्यता र संस्कृतिसँगको सम्बन्ध, धार्मिक परम्परा तथा स्थानीय समुदायसँगको सम्बन्धलाई प्रमाण र तथ्यका आधारमा व्यवस्थित दस्तावेजीकरण गर्नुपर्ने उनीहरूको भनाइ छ।

जानकी मन्दिर वरपरको भौतिक संरचना र विकास निर्माण पनि संरक्षणको अर्को महत्त्वपूर्ण विषय बनेको छ। ऐतिहासिक सम्पदाको मौलिक स्वरूपमा असर पर्ने गरी निर्माण तथा पुनर्निर्माणका काम हुन नदिई सम्पदा संरक्षण र पूर्वाधार विकासबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

संरक्षित स्मारक क्षेत्रभित्र रहेका पोखरी, सरोवर, मठमन्दिर तथा अन्य सांस्कृतिक सम्पदाको अवस्था पहिचान गरी प्राथमिकताका आधारमा संरक्षण योजना बनाउनुपर्ने सरोकारवालाको सुझाव छ।

जानकी मन्दिरलाई विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने तयारीले जनकपुरधामको धार्मिक पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने अवसर सिर्जना गरे पनि त्यसका लागि आवश्यक प्रमाण, अभिलेख, संरक्षणको अवस्था र व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउनुपर्ने देखिएको छ।

यसअघि निर्वतमान मेयर लालकिशोर साहको कार्यकालमा पनि जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न प्रयास गरिएको थियो। संघीय सरकारले चासो नदिँदा उक्त प्रयास सफल हुन सकेन।

### कांग्रेस पर्साका जिल्ला सदस्यसहित ............

पत्रमा कानुसहित वीरगन्ज महानगरपालिका वडा नम्बर १० कै सोनाल गुप्ता,वीरेन्द्र साह कानु, तिलक साह कानु, लक्ष्मण कानु, दिपक साह कानु,डा. जयकुमार गुप्ता, डा. राजकुमार गुप्ता, अनिता देवी गुप्ता, काजल कुमारी, भरत साह कानु,मुनिलाल साह कानु,सन्जय चौधरी, रोहित चौधरी,सरोजकुमार साह लगायत २७ जनाले पार्टी परित्याग गरेको उल्लेख छ।

कांग्रेस पार्टीभित्र पछिल्लो समय देखिएका बेतिथिहरु सुधार गर्नुका सट्टा पार्टीमा वर्षौंदेखि हालीमुहाली जमाउँदै आएका केही नेताहरुमा नातावाद र कृपावाद प्रवृत्ति बढ्दै गएकोले आँफूहरुले सामूहिक रुपमा राजीनामा दिएको कानुले बताए। कांग्रेसको आसन्न १५ औं महाधिवेशन अन्तर्गत पर्सा क्षेत्र नम्बर २ मा मंगलबार केहि समिति नेताहरु कोठाभित्र बसेर क्षेत्रीय कार्य समिति र महाधिवेशन प्रतिनिधिमा आफ्ना आफन्त र आसेपासहरुलाई मनोनित गरेपछि कांग्रेसको साधरण सदस्यसमेत नरहने गरि पार्टी परित्याग गरेको राजिनामा दिएका नेताकार्यकर्ताहरुले बताएका छन्।

## आजको राशिफल

**मेष :** अवसरलाई पछ्याउन नसक्दा पछि परिनेछ। अस्वस्थताले काममा बाधा पुर्‍याउला।

**बृष :** दम्पतीबीच विवाद वा पारिवारिक असमझदारी बढ्ने सम्भावना छ।

**मिथुन :** शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ। मुद्दा-मामिलामा पनि विजयी भइनेछ।

**कर्कट :** टाढिएका सन्तानलाई आमाको यादले सताउन सक्छ। शुभचिन्तकहरूको सुझाव मनन गर्दा फाइदा हुनेछ।

**सिंह :** नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।

**कन्या :** हुलमुलमा धनमाल हराउन सक्छ। साथीभाइको सहयोग जुटाउन प्रयत्न गर्नु होला।

**तुला :** कर्मको उचित प्रतिफल पाइनेछ। विभिन्न उपहार प्राप्त हुने समय छ।

**वृश्चिक :** आलस्य गर्ने बानीले समस्या निम्त्याए पनि मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ।

**धनु :** स्वास्थ्य कमजोर रहनाले पढाइलेखाइमा समय दिन नसकिएला। धेरै समय सानातिना घरेलु काममै अल्झनुपर्ला।

**मकर :** लाभ हुने सन्दर्भमा केही प्रतिस्पर्धा हुने सम्भावना छ। अरूको भर पर्दा आँटेको काम सम्पादन नहुन सक्छ।

**कुम्भ :** नयाँ काममा हात हाल्ने समय छ। सोखले खर्च बढाउन सक्छ। प्रयत्न गर्दा सजिलै फाइदा लिन सकिनेछ।

**मीन :** काममा सहयोगीले साथ दिनेछन् भने विभिन्न अवसरले पछ्याउने ग्रहयोग छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# प्रेस काउन्सिलका ४ सदस्यले जारी गरेको विज्ञप्तिप्रति महासंघको आपत्ती, फिर्ता लिन माग

**छलफलमा सहभागी नै नभएका काउन्सिल सदस्यले व्यक्तिविशेषलाई आरोपित गर्दै एकपक्षीय वक्तव्यबाजी गरेको आरोप**

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १४ गते**




नेपाल पत्रकार महासंघले नेपाल प्रेस काउन्सिलका चार जना सदस्यले जारी गरेको विज्ञप्तिमा आपत्ति जनाएको छ।

महासंघका पूर्व लेखा समिति संयोजक दीपक पाण्डेलाई लाञ्छित गर्दै काउन्सिलको लेटरहेडमा जारी विज्ञप्ति फिर्ता लिन महासंघले माग गरेको छ।

बुधबार एक विज्ञप्ति जारी गर्दै महासंघका महासचिव रामप्रसाद दाहालले सो माग गरेका हुन्।

काउन्सिलजस्तो गरिमामय र सन्तुलनकारी निकायको नाममा आएको यस्तो एकपक्षीय विज्ञप्तिले वातावरण बिगार्ने भन्दै फिर्ता लिएर सहज वातावरण बनाउन उनले ध्यानाकर्षण गराएका छन्।

स्वरोजगारमूलक छापामाध्यमहरूले पाउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम आधासम्म कटौती भएपछि उत्पन्न समस्या समाधानका लागि यही असोज १३ गते महासंघ र प्रेस काउन्सिल नेपालबीच छलफल भएको थियो।

छलफलका क्रममा दुवै पक्षबीच सामान्य भनाभन भए तापनि अन्त्यमा हार्दिकतापूर्वक बैठक सम्पन्न भएको तथ्यलाई बेवास्ता गर्दै काउन्सिलका नाममा विज्ञप्ति जारी भएको महासंघको भनाइ छ।

छलफलमै सहभागी नभएका काउन्सिलका चारजना बोर्ड सदस्यहरूको संयुक्त हस्ताक्षरमा व्यक्तिलक्षित विज्ञप्ति जारी गरिएको भन्दै महासंघले गम्भीर आपत्ति जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, 'समस्या समाधान गर्ने सहमति जनाएको काउन्सिलको नाममा छलफलमा समावेश नै नभएका काउन्सिलका सदस्यहरुले एकपक्षीय रुपमा यसरी वक्तव्यबाजी गर्नुले सञ्चारमाध्यम र पत्रकारको अभिभावकीय भूमिका निर्वाह गरिरहेको काउन्सिलकै प्रतिष्ठामा चोट पुग्नुका साथै यसको सन्तुलनकारी भूमिकामाथि समेत प्रश्न उठाएको महासंघको बुझाइ छ।'

यसअघि महासंघको काठमाडौं शाखाले छलफलको सामान्य नोकझोकलाई अतिरञ्जित गरेर अनुपस्थित सदस्यहरूबाट निकालिएको विज्ञप्ति संस्थागत हो वा होइन भनी प्रश्न उठाएको थियो। महासंघको केन्द्रीय समितिले काठमाडौं शाखाको उक्त धारणामा सहमति जनाएको छ।

मंगलबार काउन्सिलका चारजना बोर्ड सदस्यले संयुक्त विज्ञप्ति जारी गरेका थिए। पत्रकार दीपका पाण्डेले काउन्सिलका अध्यक्षलाई टिपेर झ्यालबाट फ्याँक्ने चेतावनी दिएको भन्दै उनीहरुले आपत्ती जनाएका थिए। तर, विज्ञप्ति जारी गर्नेहरु छलफलमा सहभागी नै नरहेको महासंघको भनाइ छ।

## तीन लाख धरौटी ........

आदेशअनुसार धरौटी रकम बुझाएर उनी रिहा भएका हुन्।

यादवविरुद्ध आपराधिक उपद्रव तथा कुटपिट गरी अंगभंग गरेको आरोपमा मुद्दा दर्ता भएको थियो।

उनी गत भदौ २३ गते ललितपुरको धापाखेलबाट पक्राउ परेका थिए। पक्राउपछि उनलाई सर्लाहील्याई अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४
*बिहान १० बजे देखि ५ बजेसम्म*
**अपन दैनिक पत्रिका**




# आन्तरिक रोजगारी प्रवर्द्धन र 'जब म्याचिङ'लाई प्राथमिकता दिँदै श्रम मन्त्रालय

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १४ गते**

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले रोजगारदाता र कामदारबीचको 'मिसम्याच' अन्त्य गर्ने गरी सरकारले काम अगाडि बढाएको जानकारी दिएका छन्।

बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सीप तथा रोजगार मेलाबारे जानकारी दिँदै उनले रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिलाई एउटै मञ्चमा जोड्न 'जब म्याचिङ' प्रणालीलाई प्रभावकारी बनाउने तयारी भइरहेको बताएका हुन्।

चालु आर्थिक वर्षमा 'जब म्याचिङ'मार्फत एक लाख व्यक्तिलाई रोजगारीमा जोड्ने लक्ष्य राखिएको उनले स्पष्ट पारे। विगतमा मन्त्रालयको ध्यान मुख्य गरी वैदेशिक रोजगारीमा केन्द्रित भए पनि अहिले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखिएको उनले बताए। युवालाई स्वदेशमै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्न नीतिगत तथा कार्यक्रमगत सुधार सुरु गरिएको उनको भनाइ छ।

वि.सं. २०७१ मा राष्ट्रिय रोजगार नीति बने पनि त्यसलाई कार्यान्वयन गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण नहुँदा आन्तरिक रोजगारीको क्षेत्रमा अपेक्षित काम हुन नसकेको उनले बताए। अहिलेको आवश्यकतालाई ध्यानमा राख्दै राष्ट्रिय रोजगार नीति २०८३ को मस्यौदामा सबै सम्बन्धित मन्त्रालयबाट सैद्धान्तिक सहमति लिइसकिएको र अब मन्त्रिपरिषद्मा पठाउने तयारी भइरहेको जानकारी उनले दिए। यसका साथै राष्ट्रिय रोजगार ऐनसम्बन्धी प्रस्ताव पनि सहमतिका लागि मन्त्रिपरिषद्मा पठाउन लागिएको छ।

मन्त्रालयले यसै वर्ष १२ वटा 'फ्ल्यागसिप' रोजगारी कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। पत्रकार सम्मेलनमा बोल्दै मन्त्री यादवले भने, 'अहिले रोजगारदाताले कामदार र कामदारले रोजगारदाता नभेट्ने समस्या छ। यो मिसम्याच हटाउन एउटा साझा मञ्च आवश्यक छ, जहाँ दुवै पक्ष भेटिएर आवश्यकताअनुसार पदपूर्ति हुन सकोस्। आन्तरिक रोजगारीलाई



प्रवर्द्धन गर्दै आफ्नै माटोमा रोजगारी र स्वरोजगारीको वातावरण बनाउन सरकार लागिपरेको छ।'

प्रधानमन्त्रीसमक्ष यसै वर्ष एक लाख व्यक्तिलाई रोजगारमा जोड्ने गरी कार्यसम्पादन सम्झौता भइसकेको र सोही सम्झौता कार्यान्वयनका लागि मन्त्रालयको इतिहासमै पहिलोपटक सीप तथा रोजगार मेला आयोजना गर्न लागिएको उनले जानकारी दिए। तीनवटै तहका सरकार र निजी क्षेत्रको सहयोगमा यो मेलालाई हरेक वर्ष आयोजना गर्ने र सातै प्रदेशमा विस्तार गर्ने मन्त्रालयको योजना छ।

## दशैंमा ६५ हजार सवारी साधन आवश्यक .............

सवारी फिटनेस प्रणाली, डिजिटल टिकट तथा चलान र प्रभावकारी सूचना प्रवाहलाई विस्तार गर्नुपर्ने सुझाव दिइएको छ।

यात्रु व्यवस्थापनलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन सशक्त सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्नुपर्ने आवश्यकता पनि प्रतिवेदनले औंल्याएको छ।

प्रतिवेदन बुझाउने क्रममा भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले प्रतिवेदनमा उल्लेखित सुझावहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

## ठुला चाडपर्व सकिएपछि आन्दोलन हुन ...........

त्यसबारे जानकारी गराएका हुन्। एकजना उच्च सुरक्षा अधिकृत भन्छन्, 'आन्दोलनको सम्भावना रहेको मौखिक रिपोर्ट भएको छ।'

नेकपा एमालेका सचिव महेश बस्नेतले छठपछि सशक्त आन्दोलन हुने बताएका छन्। असोज ८ मा एमालेको केन्द्रीय समिति बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै उनले मधेशसहित देशभर नै आन्दोलन हुने दाबी गरे।

एमाले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदनको पहिलो मुख्य कार्यभारमा प्रतिनिधिसभा पुनर्स्थापनाका लागि आन्दोलन गर्ने आशयको वाक्यांश छ। केन्द्रीय समिति बैठकमा उपाध्यक्ष गोकर्ण विष्टले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि आन्दोलन गर्न खोजिए सो कदम आत्मघाती र विनाशकारी हुने धारणा राखेका थिए।

प्रतिनिधिसभाका विपक्षी दलहरूले आन्दोलनको चेतावनी दिनु सामान्य भए पनि सत्तारूढ रास्वपाका मानिसहरूबाट पनि त्यस्तो आवाज सुनिएको छ। जेनजीका असन्तुष्ट समूह, कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी र नदी किनारबाट हटाइएका सुकुमबासीहरूले सरकारविरुद्ध आवाज उठाइरहेको अवस्था छ।

तर, आन्दोलनका लागि अहिले चाडबाड र मौसमले साथ नदिएको एकजना उच्च सुरक्षा अधिकृतले बताए। उनले भने, 'चाडपर्व र खेतीको सिजन सकिएपछि मङ्सिरतिर आन्दोलन हुने सम्भावना देखिन्छ।'

गएका वर्षहरूमा पनि आन्दोलन हुँदै आएको थियो। सुरक्षा अधिकृतहरू मङ्सिरभन्दा पछि काठमाडौं केन्द्रित प्रदर्शनलाई 'आन्दोलनको सिजन' भन्छन्।

कात्तिक ४ मा विजयादशमी, २५ गते भाइटीका र कात्तिक २९ मा छठ पर्व छ। सुरक्षा प्रमुखहरूले गृह मन्त्रालयमा भएका औपचारिक र अनौपचारिक छलफलमा आन्दोलनको सम्भावनाबारे जानकारी गराउँदै आएका छन्। गृह मन्त्रालयका एकजना उच्च अधिकृत भन्छन्, 'असन्तुष्टिको स्वर बढेको र प्रदर्शन हुन सक्नेबारे सरकारलाई जानकारी छ।'

### गुप्तचरको लिखित रिपोर्ट

राष्ट्रिय अनुसन्धान विभागले कात्तिक महिनापछि आन्दोलन हुन सक्ने लिखित रिपोर्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको छ। प्रधानमन्त्रीको मातहत रहेको राअविका प्रमुख टेकेन्द्र कार्कीले प्रधानमन्त्रीको सचिवालय र मुख्यसचिवलाई आन्दोलनको सम्भावना औंल्याउँदै लिखित रिपोर्ट बुझाएको एकजना उच्च सुरक्षा अधिकृतले बताए।

सम्भावित घटना विश्लेषण गरिएको रिपोर्ट विभागले प्रधानमन्त्री, गृहमन्त्री, मुख्यसचिव, गृहसचिव, राष्ट्रिय सुरक्षा परिषद् र सेनाको डीजीएमआईलाई बुझाएको छ। यसअघि पनि विभागले त्यस्तो रिपोर्ट दैनिक र साप्ताहिक रूपमा बुझाउने गरेको थियो। साप्ताहिक रूपमा सिलबन्दी रिपोर्ट राष्ट्रिय सुरक्षा परिषद्सहित १४ निकायमा पठाउने गरिएको विभागका एकजना उच्च अधिकृतले बताए।

राअविले हतियार उठाउने समूह र राज्य विप्लव गर्ने समूहको सूचना पनि सङ्कलन गर्दै आएको छ। राज्यविरुद्ध हुन सक्ने जासुसी, अन्तर्ध्वंस र भड्काउपूर्ण गतिविधिको सूचना सङ्कलनमा विभागका कर्मचारी र एजेन्टहरू परिचालन गरिएको हुन्छ।

जातीय सद्भावमा खलल पार्ने, हिंसा र घृणा फैलाउने खालका गतिविधिको सूचना सङ्कलन विभागको प्राथमिकतामा पर्छ। विखण्डनकारी र भूमिगत संगठनका गतिविधि तथा सीमा सुरक्षासम्बन्धी सूचनामा विभागका अधिकृतहरूले पहुँच राख्छन्।

गुप्तचरले आन्दोलनबारे थप सूचना पनि सङ्कलन गरिरहेको छ। २०८४ मा हुने स्थानीय निर्वाचनअघि पुराना दलहरूले असन्तुष्टिलाई समेटेर सरकारविरोधी 'हतियार' बनाउन सक्ने पनि आकलन गरिएको छ।

सभारः रातोपाटी



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# नेपाली कांग्रेस मिर्चैया नगर अधिवेशन सम्पन्न, सभापतिमा सन्जिप यादव सर्वसम्मत



**रामनारायण ठाकुर**
**मिर्चैया, असोज १४ गते**

सिरहाको मिर्चैयास्थित होटल होलिडेमा नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत मिर्चैया नगर अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट सन्जिप यादवको सभापतित्वमा नगर कार्यसमिति सर्वसम्मत चयन भएको छ।

अधिवेशनबाट सभापतिमा सन्जिप यादव, उपसभापतिमा मनिस कुमार यादव र महिला उपसभापतिमा कुसुम देवी यादव सर्वसम्मत निर्वाचित भएका छन्। त्यस्तै सचिवमा शंकर साह चयन भएका छन्।

नगर कार्यसमितिका सदस्यहरूमा जितन साह, नैना कुमारी साह तेली, मकेश्वर यादव, विजय कुमार यादव, हरिनारायण पण्डित, दिल कुमारी राय, गिता कामैत, श्रीप्रसाद सलैता, अनिता साह, सन्जिप कापरी र मनिक यादव चयन भएका छन्।

# नेता कार्यकर्तालाई फकाउँदै ओलीले भने- सानातिना मतभेद बिर्सौं, स्थानीय तहमा जित्नतर्फ लागौं

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १४ गते**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रका सानातिना मतभेदलाई व्यवस्थापन गर्दै आगामी स्थानीय तहको निर्वाचनको तयारीमा जुट्न निर्देशन दिएका छन्।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रदेश तथा जिल्ला कमिटीका सचिवालय सदस्यसँग आज भएको भर्चुअल सम्बोधनमा उनले आन्तरिक एकता थप सुदृढ बनाउँदै आगामी निर्वाचनको तयारीमा जुट्न निर्देशन दिए।

अध्यक्ष ओलीले पार्टीभित्र एकअर्काका सामान्य असहमति र आलोचनालाई सहज रूपमा लिनुपर्ने बताए। "शत्रुका लात सहने, तर आफ्ना साथीका बात नसहने काम अब बन्द गरौँ। सानातिना असमझदारी छाडेर साझा सङ्कल्पका साथ एमाले एकजुट भई अघि बढ्नुपर्छ," उनले भने।

उनले एमालेभित्र कुनै समस्या नरहेको दाबी गर्नुभन्दा सङ्गठनलाई थप व्यवस्थित र सक्रिय बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिए। विरोधीहरूले एमाले विभाजित हुने अपेक्षा गरे पनि पार्टी विचार र सङ्गठनका हिसाबले एकढिक्का रहेको उनको भनाइ थियो।

अध्यक्ष ओलीले वर्तमान राजनीतिक परिस्थितिमा पार्टीले लोकतान्त्रिक अधिकारको रक्षा र आगामी निर्वाचनको तयारीलाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनले आगामी निर्वाचनमा केन्द्रित भएर सङ्गठन परिचालन गर्न कार्यकर्तालाई आग्रह गरे।

एक निर्वाचनको परिणामबाट निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उनले भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको उदाहरणसमेत प्रस्तुत गरे। "हामी एउटा मोर्चामा हारेका मात्र हौं। सत्य हाम्रै पक्षमा छ, त्यसैले आत्मविश्वासका साथ अघि बढ्नुपर्छ," उनले भने।

अध्यक्ष ओलीले पार्टी विरुद्ध भ्रम फैलाउने प्रयास भइरहेको उल्लेख गर्दै सूचना प्रविधिको माध्यमबाट हुने राजनीतिक प्रचारमा पार्टीले पनि प्रभावकारी उपस्थिति देखाउनुपर्ने बताए । पार्टीले गरेका काम र उपलब्धिलाई जनतासम्म सही ढङ्गले पुर्‍याउन नेता-कार्यकर्ताले भूमिका खेल्नुपर्ने उनको भनाइ थियो। उनले कार्यकर्तालाई आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय भएर सङ्गठन निर्माण, जनसम्बन्ध विस्तार र अनुशासनमा ध्यान दिन निर्देशन दिए।

**असोज मसान्तसम्म सदस्यता अभिलेखीकरण**

भर्चुअल बैठकमा महासचिव शङ्कर पोखरेलले तेस्रो केन्द्रीय कमिटी बैठकका निर्णयहरू पार्टी निर्देशिकामार्फत छिट्टै तल्लो तहसम्म पठाइने जानकारी दिए । उनले पार्टी सदस्यता नवीकरणको काम हाललाई रोकिएको र प्राप्त विवरणको अभिलेखीकरण असोज मसान्तसम्म पूरा गर्नुपर्ने बताए।



महासचिव पोखरेलका अनुसार वडा, पालिका, जिल्ला र प्रदेश तहसम्म युवालाई पार्टीसँग जोड्ने कार्यक्रम अघि बढाइनेछ। लगातार तीनवटा बैठकमा अनुपस्थित हुने सदस्यलाई विधानअनुसार पदबाट हटाउने व्यवस्था कार्यान्वयनमा कडाइ गरिने तथा जनतासँगको सम्बन्ध पुनः मजबुत बनाउन सङ्गठनात्मक गतिविधि सञ्चालन गरिनेछ।

भर्चुअल कार्यक्रममा पार्टी उपाध्यक्षहरू रामबहादुर थापा, विष्णुप्रसाद पौडेल तथा सचिवहरू भानुभक्त ढकाल, पद्मा अर्याललगायत नेताहरूको सहभागिता थियो।




## आलोचना बढेपछि विलासी सवारी खरिद प्रक्रियाबाट ...............

निर्देशनअनुसार भीभीआईपीका लागि सवारीसाधन खरिद गर्न टेन्डर आह्वान गरिएको थियो। तर, यस्तो विषम परिस्थितिमा गाडी किन्नु कति जायज हुन्छ भनी धेरै ठाउँ र शुभचिन्तकहरूबाट प्रश्न उठ्यो । तत्कालका लागि त्यस्ता भीभीआईपी आउने सम्भावना पनि नरहेकाले यसको आवश्यकता देखिएन। त्यसैले बोलपत्र आह्वान भए पनि अब यो प्रक्रिया अघि नबढ्ने गरी रोकेका छौं।'

मन्त्री थापाका अनुसार टेन्डर आह्वान हुनुअघि आफूलाई यसबारे पूर्वजानकारी थिएन । गाडीको औचित्यमाथि चौतर्फी प्रश्न उठेपछि र आफूलाई पनि यो समयसान्दर्भिक नलागेपछि मन्त्रालयका सचिवसँग बुझेर निर्णय भइनसकेको अवस्थामा प्रक्रिया रोकिएको उनले स्पष्ट पारिन्।

देशको अवस्थालाई ध्यानमा राख्दै सरकारी खर्च कटौतीअन्तर्गत नयाँ सवारीसाधन खरिदमा रोक लगाइएको थियो । तर, त्यसका बाबजुद श्रम तथा यातायात मन्त्रालयले गत भदौ २५ गते भीभीआईपी प्रयोजनका लागि भन्दै ३ करोड ५० लाख रुपैयाँ लागतको विलासी गाडी खरिद गर्न बोलपत्र आह्वान गरेको थियो। सूचना प्रकाशित भएसँगै आर्थिक दबाब झेलिरहेको प्रदेश सरकारले एउटै गाडीमा करोडौं रुपैयाँ खर्च गर्न लागेको भन्दै यसको औचित्यमाथि व्यापक प्रश्न उठ्न थालेको थियो।

मुलुक प्राकृतिक प्रकोपको चपेटामा परेका बेला सामान्य प्रशासनिक कामभन्दा बाहिर गएर विशेष व्यक्तिको आवागमनका नाममा एउटै गाडीमा साढे ३ करोड रुपैयाँ खर्च गर्ने निर्णयले सरकारको खर्च प्राथमिकतामाथि गम्भीर प्रश्न खडा गरेको थियो । मुख्यमन्त्री कार्यालय आफैंले गर्न सक्ने टेन्डर श्रम तथा यातायात मन्त्रालयबाट किन गरियो भन्ने प्रश्नमा मन्त्री थापाले विगतमा पनि यही मन्त्रालयमार्फत खरिद हुने गरेकाले यस पटक पनि प्रक्रिया अघि बढाइएको बताइन्।

मधेश प्रदेशको बजेट कार्यान्वयन सम्बन्धी निर्देशिकामार्फत अर्थ मन्त्रालयले यस वर्ष विभिन्न ४४ शीर्षकमा २० देखि ७५ प्रतिशतसम्म खर्च कटौती गरेको छ।

सवारीसाधन तथा मेसिनरी औजार खरिद वा भाडामा लिने खर्चमा शतप्रतिशत रोक लगाइएको छ।

त्यसैगरी भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत, तालिम-गोष्ठी, सशर्त अनुदान, वन-वातावरण संरक्षण र भैपरी आउने खर्चमा ५० प्रतिशत तथा पुँजीगत अनुसन्धान र परामर्श खर्चमा ७५ प्रतिशत कटौती गरिएको छ । तर, खर्च नियन्त्रणको यही नीतिका बाबजुद भीभीआईपीका नाममा साढे ३ करोडको गाडी किन्ने प्रक्रिया अघि बढाइएको थियो।

बजेट खर्चसम्बन्धी निर्देशिकामा मुख्यमन्त्रीका लागिसमेत बढीमा करिब डेढ करोड रुपैयाँसम्मको मात्र गाडी खरिद गर्न सकिने व्यवस्था छ। तर, त्यसविपरीत ३ करोड ५० लाखको विलासी गाडी खरिद गर्न खोजिएपछि यो विषय थप पेचिलो बनेको थियो। आम्दानीको स्रोत सीमित भएको र प्रदेश सरकार आफैंले विभिन्न विकास तथा प्रशासनिक बजेट रोक्का राखेको अवस्थामा भीभीआईपीका नाममा गरिएको यस्तो खरिद प्रयासको प्रदेश सांसद तथा स्थानीयले चर्को विरोध गर्दै आएका थिए।

## मधेश प्रदेशमा लेखा समूहका २६ कर्मचारी ............

सरुवा हुने अधिकृतहरूमा कृति पाण्डे, रञ्जनकुमार कर्ण, उपेन्द्रकुमार यादव, चन्दनकुमार रजक, महेन्द्रप्रसाद सिंह, प्रेमप्रसाद पोखरेल, शिवकुमार कुँवर, राजकुमार साह, समीर दाहाल, शिवशंकर चौधरी, सुबोधकुमार यादव र सुरेन्द्र राय यादव रहेका छन्।

निर्णयअनुसार कृति पाण्डेलाई डिभिजन वन कार्यालय धनुषाबाट जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय धनुषा, रञ्जनकुमार कर्णलाई डिभिजन वन कार्यालय पर्साबाट पूर्वाधार विकास कार्यालय बारा, उपेन्द्रकुमार यादवलाई डिभिजन वन कार्यालय बाराबाट पूर्वाधार विकास कार्यालय पर्सा र चन्दनकुमार रजकलाई श्रम तथा यातायात मन्त्रालय धनुषाबाट पूर्वाधार विकास कार्यालय सिरहा सरुवा गरिएको छ।

त्यस्तै महेन्द्रप्रसाद सिंह र प्रेमप्रसाद पोखरेललाई क्रमशः जलस्रोत तथा सिँचाइ विकास डिभिजन सप्तरी र रौतहटबाट ऊर्जा, सिँचाइ तथा खानेपानी डिभिजन सप्तरी र रौतहटमा दरबन्दी मिलान गरिएको छ।

शिवकुमार कुँवर पूर्वाधार विकास कार्यालय सप्तरीबाट सोही कार्यालयमा कामकाजसहित डिभिजन वन कार्यालय सप्तरीतर्फ, राजकुमार साह पूर्वाधार विकास कार्यालय सिरहाबाट प्रादेशिक अस्पताल सिरहा, समीर दाहाल पूर्वाधार विकास कार्यालय सर्लाहीबाट डिभिजन वन कार्यालय सर्लाही, शिवशंकर चौधरी पूर्वाधार विकास कार्यालय रौतहटबाट कृषि ज्ञान केन्द्र रौतहट र सुबोधकुमार यादव पूर्वाधार विकास कार्यालय बाराबाट डिभिजन वन कार्यालय पर्सामा सरुवा भएका छन्।

सुरेन्द्र राय यादव पूर्वाधार विकास कार्यालय पर्साबाट डिभिजन वन कार्यालय बारामा पुगेका छन्। अर्थ मन्त्रालयले उक्त सरुवा वेबसाइटमा प्रकाशित गरेको छ।

यसअघि भदौको दोस्रो साता मात्र अर्थ मन्त्रालयले ७६ जना कर्मचारीको सरुवा गरेको थियो। अर्थ मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि एउटै कार्यालयमा कार्यरत लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरेको हो।

मधेश सरकारको अर्थ मन्त्रालयले लामो समयदेखि एउटै अड्डामा बसेको, माल अड्डामा जडागाडेर बसेका र पहुँच बला एउटै लेखाअधिकृत र लेखापाल दुई भन्दा बढी निकायमा जिम्मेवारी सम्हालेकाहरुलाई एउटै कार्यालयमा सिमित गर्ने, चलखेल गर्नेहरुलाई सोही अनुसार सरुवा गर्ने र वेबसाइटमा सार्वजनिक गर्न लागेको पहिलोपटक हो।

**विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो ।
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं ।
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं ।
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं ।
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं ।
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**विपद्‌को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

अपन दैनिक
*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

